नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

**सहकारी विभाग**

**नयाँ बानेश्वर, काठमाडौं**

**सहकारी संघसंस्थाहरूलाई आयोजना प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**

**(प्रकाशित मितिः २०७९।०९।०३)**

यस विभागको आ.व. २०७९।०८० को स्वीकृत कार्यक्रम अनुसार सहकारी संघसंस्थासँगको साझेदारीमा देहायका सहकारी आयोजना सञ्चालन गर्नका लागि तपशील बमोजिमका अनुदान प्रदान गरिने भएकाले त्यस्तो अनुदान प्राप्त गर्न चाहने सहकारी सङ्घसंस्थाहरूले **सहकारी संस्थालाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९** को अधीनमा रही यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले २१ (एक्काइस) दिनभित्र नियमन क्षेत्राधिकारअनुसार सम्बन्धित स्थानीय तह वा प्रदेश मन्त्रालयको सिफारिससहित यस विभागमा आइपुग्ने गरी आयोजना प्रस्ताव पेश गर्न निर्देशिकाको दफा १२ बमोजिम यो सूचना प्रकाशन गरिएको छ ।

**क. पुँजीगत अनुदान :** बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्था बाहेक अन्य सहकारी सघसंस्थाले आफ्ना सदस्यहरूको उत्पादन सञ्चय, प्रशोधन तथा बजारीकरण गर्ने उत्पादनमूलक औद्योगिक वा व्यावसायिक आयोजनाहरू एवं सदस्य-केन्द्रित अत्यावश्यक उपभोग्य वस्तुको सहकारी उपभोक्ता भण्डार सञ्चालनका लागि जग्गाबाहेक पुँजीगत निर्माण/खरिदमा पुँजीगत अनुदान र

**ख. कार्यक्रम अनुदान :** श्रमिक, कृषक, कालिगढ, न्यून आय भएका सीमान्तकृत समुदायले सञ्चालन गरेका एवं उत्पादनमूलक सहकारीहरुलाई कार्यक्रम अनुदान।

ग. **कृषिजन्य उत्पादनमूलक** उद्योग स्थापना गर्ने सहकारीलाई चुक्ता पुँजीको निश्चित प्रतिशत अनुदान ।

**घ. उत्पादनमा आधारित नमूना सहकारी प्रवर्धन** प्रोत्साहन तथा विकास कार्यका लागि अनुदान।

१. प्रस्ताव पेश गर्ने सहकारी सघसंस्थाले उक्त म्यादभित्र देहायका कागजातहरू संलग्न गरी कार्यविधिको अनुसूची ३ (तीन) को ढाँचामा एक स्थानीय तहसम्म कार्यक्षेत्र भएका संस्थाहरुले सम्बन्धित स्थानीय तह र एक स्थानीय तहभन्दा बढी प्रदेशसम्म कार्यक्षेत्र भएका सघसंस्थाहरूले सम्बन्धित प्रदेश मन्त्रालयको सिफारिशसहित र एक प्रदेशभन्दा बढी कार्यक्षेत्र भएका सङ्घसंस्थाहरूले सोझै यस विभागमा दरखास्त दिनुपर्नेछ ।

(क) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) संस्थाको विनियमको प्रतिलिपि,

(ग) आर्थिक वर्ष २०७८।०७९ को लेखापरीक्षण प्रतिवेदन,

(घ) आर्थिक वर्ष २०७८।०७९ को कर चुक्ताको प्रमाणपत्र,

(ङ) आयोजनाको प्रस्ताव,

(च) साधारण सभाबाट आयोजना प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रमाणित प्रतिलिपि,

(छ) सञ्चालक समितिका पदाधिकारी, व्यस्थापकको नाम, ठेगाना र सम्पर्क नम्बर खुलेको विवरण,

(ज) पचास लाख रुपैयाँभन्दा माथिको कुल लागत भएको आयोजना भए विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन र सोभन्दा लागतको आयोजना भए पूर्वसम्भाव्यता अध्ययन प्रतिवेदन,

(झ) स्थायी पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने जग्गा प्राप्त भएको प्रमाण पत्र,

(ञ) आयोजनाका लागि संस्थाको तर्फबाट परिचालन गरिने पुँजीको स्रोत खुलेको कागजात र

(ट) कार्यविधिको अनुसूची ३ बमोजिमको विवरण ।

२. देहायको अवस्थामा सहकारी सघसंस्थाले पुँजीगत अनुदान प्राप्त गर्न नसक्ने ब्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छः

(क) ऐनले तोकेको अवधिभित्र वार्षिक साधारण सभा सम्पन्न नगरेको,

(ख) सञ्चालक समिति र लेखा समितिको नियमित रूपमा निर्वाचन नगरेको,

(ग) ऐनले तोकेको अवधिभित्र नियमित रूपमा वार्षिक लेखापरीक्षण नगराएको,

(घ) लेखा सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेदन पेस नभएको,

(ङ) कोपोमिस प्रणालीमा सहकारीको सूचना प्रविष्टि नगरेको,

(च) कार्यक्षेत्र भन्दा बाहिर गई कारोबार सञ्चालन गरेको,

(छ) संस्था दर्ता भएको कम्तीमा दुई वर्ष पूरा नभएको,

(ज) पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र पेश नगरेको,

(झ) बचत तथा ऋणको मुख्य कारोबार (आर्थिक वर्ष २०७८।०७९ को लेखापरीक्षण प्रतिवेदनले देखाएको कुल वार्षिक व्यावसायिक कारोबारको ५० प्रतिशतभन्दा बढी बचत दायित्व) भएको ।

३. सम्बन्धित स्थानीय तह वा प्रदेश मन्त्रालयबाट आफ्नो कार्यक्षेत्रभित्र पर्ने सहकारी सङ्घसंस्थाहरूबाट सिफारिसका लागि प्राप्त हुन आएका आयोजना प्रस्तावहरू उपर प्रारम्भिक छानबिन गर्दा कार्यालयमा उपलब्ध अभिलेख भिडाउनुका साथै स्थलगत निरीक्षणसमेत गर्न सकिनेछ र सोही कार्यविधिको अनुसूची ४ प्रारम्भिक छानबिनको ढाँचामा उल्लिखित बुँदामध्ये कुनैमा असफल भएको पाइएमा त्यस्तो दरखास्त स्वीकृत नहुने बेहोराको जानकारी आवेदक संघसंस्थालाई गराइनेछ ।

४. प्रस्तावसाथ सम्बन्धित सहकारी संघसंस्थाले आफ्नो तर्फबाट बेहोर्ने आन्तरिक स्रोत (शेयर/जगेडा कोष) को स्पष्ट आधार पेश गर्नुपर्नेछ तर आफ्नो तर्फबाट बेहोर्ने स्रोतबापत कुनै निकायको ऋण, अनुदान वा शेयर सहभागिता प्रस्ताव गर्न पाइने छैन ।

५. सामान्यतया यसअघि यस विभाग वा अन्य निकायहरूबाट समेत अनुदान प्राप्त गरिसकेका सङ्घसंस्थाहरूलाई सोही प्रयोजनका लागि अनुदान उपलब्ध गराइने छैन तर उद्योग वा सेवा, सुविधा विस्तार वा उत्पादनमा विविधीकरणका लागि अनुदान माग गर्न सकिनेछ ।

६. स्थिर पुँजीतर्फ कार्यविधिको अनुसूची १ मा उल्लिखित दुर्गम क्षेत्रका लागि ८० प्रतिशतसम्म र अन्य क्षेत्रका लागि ६० प्रतिशतसम्म र यसै गरी महिला, दलित वा सीमान्तकृत समुदायका सदस्यहरुमात्र सम्मिलित संस्थाको हकमा क्रमशः ९० प्रतिशतसम्म र ७० प्रतिशतसम्म अनुदान प्रदान गर्न सकिनेछ ।

७. एउटा आयोजनाका लागि एकभन्दा बढीप्रकारको अनुदान प्रदान गरिने छैन ।

८. नेपाल सरकारको सम्बन्धित निकाय वा अन्य निकायहरूबाट प्रस्तावित आयोजना सञ्चालनका लागि प्राप्त भएको वा हुने आर्थिक, प्राविधिक वा भौतिक सहयोग वा उपयुक्तताको सिफारिस भए सोको विवरणका साथै तत्सम्बन्धी कागजात दरखास्तसाथ संलग्न गर्नुपर्नेछ ।

९. पेश हुन आएको आयोजना प्रस्तावको मूल्याङ्कन सहकारी संस्थालाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९ मा तोकिएका आधारहरू बमोजिम मूल्याङ्कन गरिनेछ ।

१०. चालु आर्थिक वर्ष (२०७९।०८०) को वार्षिक कार्यक्रम तथा बजेटका आधारमा प्राप्त आयोजना प्रस्तावहरू स्वीकृत गर्ने, नगर्ने अधिकार यस विभागमा निहित रहनेछ । पुँजीगत अनुदानको हकमा स्रोत सुनिश्चतता भएपछि मात्र रकम प्रदान गरिनेछ ।

११. यसअघि आयोजना प्रस्ताव पेश गरेका सहकारी सङ्घसंस्थाले पुनः प्रस्ताव पेश गर्न चाहेमा नयाँ प्रस्ताव पेश गर्न सक्नेछन् ।

१२. दरखास्तको ढाँचा, आयोजना प्रस्तावको विवरण र छनौटसम्बन्धी विस्तृत जानकारी यस विभागको वेभसाइट मा राखिएको **सहकारी संस्थालाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९** बाट प्राप्त गर्न सकिनेछ ।

१३. सहकारी संस्थाले आयोजना प्रस्ताव पेश गर्दा माग गरेको अनुदानको प्रकार समेत खुलाउनु पर्नेछ । कुनै कारण जनाई वा नजनाई प्राप्त प्रस्तावहरु अस्वीकृत गर्न सकिनेछ ।

पुनश्च : पेश हुन आएका कागजात वा विवरण झुट्टा ठहरिएमा प्रचलित कानुनबमोजिम कारबाई हुने ब्यहोरासमेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।